# प्रेस विज्ञप्ती

चैत्र १०, २०७८

## सिद्धार्थ बैंकको नवनिर्मित भवनको समुद्घाटन

सिद्धार्थ बैंक लिमिटेडले २०७८ चैत्र ०९ गते बुधवार प्रदेश १ विराटनगरमा आफ्नै नवनिर्मित भवनको समुद्घाटन गरेको छ । उक्त भवनको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडिया ज्यूले गर्नुभएको हो । उक्त भवनको उद्घाटन समारोहमा नेपाल राष्ट्र बैंक प्रदेश १ कार्यालयकी प्रमुख मिना पाण्डेज्यू तथा विभिन्न संघसस्थाका प्रमुख एवम् लब्धप्रतिष्ठित उद्योगी, व्यापारी समूहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

विभिन्न वर्गका ग्राहकहरु, व्यापारी तथा उद्योगीहरुमाझ उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने उद्देश्यका साथ उक्त कार्यालयको निर्माण गरिएको हो । अत्याधुनिक प्रविधिमैत्री बैंकिङ्ग मार्फत आम ग्राहकहरुसमक्ष उच्चस्तरिय सेवा प्रदान गर्ने उद्देश्य प्राप्तीमा नवनिर्मित भवनले सहजता प्रदान गर्ने बैंकले विश्वास लिएको छ ।

१७ वर्ष देखि विराटनगर स्थित वडा नं ७ मेनरोडबाट सेवा प्रदान गर्दै आइरहेको विराटनगर शाखालाई समेत उक्त भवनमा स्थानान्तरण गरिएको छ ।

सबैक्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले बैंकले देशभर १९० वटा शाखा (४ एक्स्टेन्सन् काउन्टर सहित), २०८ वटा एटिएम्, ११४ शाखारहित बैंकिङ्ग सेवा र १,५०० भन्दा बढी पिओएस् मेसिन मार्फत उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।